# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक
## कक्षा-२



भोजपुर नगरपालिका,भोजपुर

हाम्रो भोजपुर नगरपालिका

asim design




भोजपुर नगरपालिका, भोजपुर

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा २



# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा २

विद्यार्थीको नाम : ....................................................

रोल नं. : ....................................................

विद्यालयको नाम : ....................................................

भोजपुर नगरपालिका

भोजपुर

**प्रकाशक** : भोजपुर नगरपालिका, भोजपुर
**सर्वाधिकार** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८१
**पेज लेआउट** : दुर्गाप्रसाद बराल
**कभर डिजाइन** : अर्जुन राई

**संरक्षक**
कैलाशकुमार आले
नगर प्रमुख
निर्मला शेर्पा
उपप्रमुख

**सल्लाहकार**
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
पदमबहादुर प्रधान
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**लेखक**
लालकुमार तामाङ
विष्णुकुमार राई
दुर्गाप्रसाद बराल
लक्ष्मण जोशी
रक्तम राई

**भाषा सम्पादन**
विष्णुकुमार राई
रक्तम राई

## हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै भोजपुर नगरपालिकाले वि.स. २०७८ सालमा यस नगरपालिकाका सबै विद्यालयमा लागू हुनेगरी कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । सो पाठ्यक्रम लागू भएको छ । शिक्षण सिकाइका लागि पाठ्यक्रम नै मूल आधार भए पनि पाठ्यपुस्तकको निर्माण गर्दा थप प्रभावकारी र विद्यार्थीका लागि सजिलो हुने भन्ने अपेक्षा सबैबाट आएकाले नगरपालिकाद्वारा **हाम्रो भोजपुर नगरपालिका स्थानीय पाठ्यपुस्तक कक्षा २** नामक यो पाठ्यपुस्तक तयार पारिएको छ । बालबालिकाको स्तरअनुरुप तल्ला कक्षाहरूमा सम्बन्धित पुस्तकमै आवश्यक क्रियाकलापहरू गर्न मिल्ने गरी यो पुस्तक निर्माण गरिएकाले यसलाई पाठ्यपुस्तक तथा कार्यपुस्तक दुवैका रुपमा प्रयोग गर्न सकिने छ ।

व्यक्ति, समाज र देशको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र विश्वव्यापी विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ । विद्यार्थीमा सक्षमता विकास गर्न, असल व्यवहार कायम गर्न तथा जीवनोपयोगी सिप प्रदान गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारुमैत्री, व्यवहारोपयोगी र स्तरीय हुनुपर्दछ ।

नेपालमा संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम **हाम्रो भोजपुर नगरपालिका** शीर्षकमा निर्माण गरेको छ । यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गरेको हो । यसका लागि नगरपलिकाले स्थानीय विज्ञ तथा स्थानीय जनशक्तिको ज्ञानसिपलाई उपयोग गरेको छ । स्थानीय पाठ्यक्रममा स्थानीय भौगालिक परिचय, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा, जातजाति, भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि, बिपद् रोकथाम तथा व्यवस्थापन र स्थानीय नैतिक मूल्य मान्यता जस्ता विषयवस्तुलाई समेटेर कक्षा १-५ मा जम्मा आठ ओटा थिम रहेका छन् । उक्त पाठ्यक्रममा निर्धारण गरिएका तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि तथा थिमगत सिकाइउपलब्धिलाई आधारमानी सो उद्देश्य पूरा गर्ने उद्देश्यले तोकिएका थिमगत विभिन्न पाठहरू निर्माण गरी विद्यार्थीको सक्षमता विकास गर्ने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा थिमअनुसार विभिन्न पाठहरू निर्माण गरिएका छन् । थिम पेजमा सान्दर्भिक छलफल तथा थिमगत सिकाइउपलब्धि उल्लेख गरिएको छ । बालबालिकाको स्तरअनुसार रुचिपूर्ण होस् भनी चित्रात्मक प्रस्तुति, अभ्यासमा विविधता तथा क्रियाकलापमुखी पाठ निर्माण गरिएको छ । पाठ्यपुस्तकमा केही बाल स्केच तथा तस्बिरबाहेक प्रायः ठाउँका सबै फोटाहरू, विषय र सन्दर्भहरू, स्थान र विषयवस्तुहरू स्थानीयतामा आधारित छनोट गर्ने प्रयास भएको छ । पाठ्यपुस्तकका विषयवस्तु छनोट र स्तरणलाई पनि सकेसम्म ख्याल गर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तक प्रयोगकर्ताले पाठसँग सान्दर्भिक विद्यार्थीका आफ्नै दैनिक जीवनसापेक्ष कक्षा क्रियाकलाप, अभ्यास र परियोजना कार्यहरू अनिवार्य गराएर तोकिएका सक्षमता हासिल गराउनु वाञ्छनीय हुने छ । मिहिनेतसाथ आफ्नो ज्ञान, सिप र दक्षता प्रयोग गर्दै पुस्तकका लागि आवश्यक पर्ने सामग्री आफैं सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गर्दै पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने लेखन समूहलाई विशेष धन्यवाद छ । पाठ्यपुस्तक निर्माणका क्रममा प्रयोग गरिएका र सहयोग लिइएका सूचना, तथ्याङ्क, स्रोत, सुझाव, तस्विर आदिका सर्जक तथा विभिन्न क्षेत्रका महानुभावहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौं ।  यो पाठ्यपुस्तकलाई आवश्यकताका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।

वि.सं. २०८१ भोजपुर नगरपालिका, भोजपुर

# विषयसूची

थिम १ : भौगोलिक परिचय ....................1
पाठ १ : हाम्रा ठाउँ ....................२
पाठ २ : हाम्रा खोलानाला ....................५
पाठ ३ : हाम्रा डाँडापाखा र वनजङ्गल .................... ८
पाठ ४ : हाम्रो बाटोघाटो र सडक ....................१०
थिम २ : ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्थल ....................१३
पाठ १ : हाम्रो टक्सार बजार ....................१४
पाठ २ : हाम्रा धार्मिक स्थलहरू ....................१७
पाठ ३ : हाम्रो टोलका धर्महरू .................... २०
पाठ ४ : हाम्रा लोकबाजा .................... २३
थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व .................... २८
पाठ : १ मेरो भोजपुर .................... २९
पाठ २ : मेरा छरछिमेकी .................... ३१
पाठ ३ : मेरो भाषा .................... ३४
पाठ ४ : हाम्रा भाषा .................... ३६
पाठ ५ : हाम्रा रमाइला चाडपर्व ....................४०
थिम ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि ....................४४
पाठ १ : हाम्रा हाट, बजार र पसल .................... ४५
पाठ २ : चित्रबहादुरको आरन ....................४९
पाठ ३ : हाम्रा पेसा ....................५२
पाठ ४ : कृषि तथा स्थानीय औजार .................... ५५
थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व .................... ६०
पाठ १ : हाम्रा वडा .................... ६१
पाठ २ : हाम्रा जनप्रतिनिधि.................... ६४

पाठ ३ : हाम्रा प्रधानाध्यापक ........ ६६
थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि ........ ६९
पाठ १ : पासाङदिकीको घर ........ ७०
पाठ २ : पूर्वाधार विकासका स्थानीय प्रविधि र जनशक्ति ........ ७६
पाठ ३ : अभिभावकलाई फोन गरौँ ........ ८०
थिम ७ : प्रकोप तथा बिपद् व्यवस्थापन ........ ८३
पाठ १ : बिपद्बाट सुरक्षित बनौँ ........ ८४
पाठ २ : बिपद्बारे बुझौँ ........ ८८
थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता ........ ९०
पाठ १ : आदर गरौँ ........ ९१
पाठ २ : हुने बिरुवाको चिल्लो पात ........ ९४

# थिम १ : भौगोलिक परिचय







**सिकाइ उपलब्धि :**

- आफू बसेको ठाउँको नाम र ठेगाना बताउन,
- आफ्नो ठाउँको खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल चिन्न र नाम बताउन

**पाठ्यघण्टा : १४**

# पाठ १ : हाम्रा ठाउँ

## हेरौँ र चिनौँ :

यी ठाउँ कहाँका होलान् ?





## पढौँ र बुझौँ :



प्रकाश गुरुङ भोजपुर नगरपालिका वडा नं. २ हेलौँछामा बस्छ । ऊ गाउँकै विद्यालयमा कक्षा २ मा पढ्छ । प्रकाश गुरुङ कक्षा २ मा जाँदा प्रथम भएको थियो र ऊ अहिले पनि धेरै मेहेनत गरेर पढ्ने गर्छ ।



कल्पना मचकोटी भोजपुर नगरपालिका वडा नं. ६ पालुवामा बस्छिन् । उनी पनि गाउँकै प्राथमिक विद्यालयमा कक्षा २ मा पढ्छिन् । उनी बिहानै उठ्छिन, हजुरआमासँग पूजापाठ गर्छिन र खाजा खाएर पढ्न बस्छिन् ।

## उत्तर लेखौँ

(अ) कल्पना मचकोटी कहाँ बस्छिन् ?

उत्तर :

(आ) तपाईं कहाँ बस्नु हुन्छ ? पूरा ठेगाना लेख्नुहोस् ।

उत्तर :

(इ) तपाईं बिहान कति बजे उठ्नु हुन्छ ?

उत्तर :

## साथीका घर कहाँ कहाँ होलान् ?

## सोधौँ र कापीमा टिपौँ :



## खाली ठाउँ भरौं :



मेरो घर भोजपुर नगरपालिका वडा नं. ..........को ................

................गाउँ/बजारमा पर्दछ ।



मेरो साथी .................................. को घर भोजपुर नगरपालिका वडा नं. ........ को ............................... गाउँ/बजारमा पर्दछ ।

## सोधेर लेखौं :

(अ) कक्षामा भएका साथीको नाम र ठेगाना

| क.स. | नाम, थर | ठेगाना | | टोलको नाम |
|---|---|---|---|---|
| | | भोजपुर न.पा./...... | वडा नं. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## परियोजना कार्य :

आफ्नो छिमेकमा रहेका पाँच जना साथीहरूको नाम, थर र ठेगानाको विवरण अभिभावकको सहयोगमा टिपोट गरेर ल्याउनुहोस् ।

## पाठ २ : हाम्रा खोलानाला

### हेरौँ, चिनौँ र पढौँ :



साबुहाङको नजिकको खोला पिखुवा हो । पिखुवा खोला भोजपुर नगरपालिका र टेम्केमैयुङ गाउँपालिकाको बिचमा पर्दछ । खोलाको पानीलाई उपयोग गर्न जाने फाइदा लिन सकिन्छ । पिखुवा खोलाबाट बिजुली बलेको छ ।

भोजपुर नगरपालिका वडा ११ आम्तेक र वडा नं. १२ टक्सारको बिच भएको अखुवा खोलाबाट सिँचाइको लागि आम्तेक गाउँमा कुलोबाट पानी लगिएको छ । पिखुवा र सेरा खोलामा बालुवा पनि पाइन्छ । बालुवा घर, भवन, पुल र सडक निर्माणमा प्रयोग गरिन्छ । खोलामा बाढी पहिरो पनि आउँछ । खोलामा साना नानीहरू जानु हुँदैन ।

### उत्तर लेखौँ :

(अ) पिखुवा खोला कहाँ पर्दछ ?

उत्तर :

(आ) तपाइँको वडामा भएको खोलाको नाम के हो ?

उत्तर :

(इ) खोला र खोल्सामा के फरक छ ?

उत्तर :

(ई) खोलामा के के पाइन्छ ?

उत्तर :

(उ) तपाइँको वडामा रहेको खोलालाई कसरी उपयोग गरिएको छ ?

उत्तर :

## गीत गाऔं :

प्रयोग गर्न जाने  खोलाको छ फाइदा

नजानेमा हुन्छ निकै बेफाइदा

धेरै नै छ पानीको महत्त्व बुझौं

प्रदूषण हुनबाट हामीले बचाऔं ।



## कापीमा उत्तर लेखौं :

(अ) तपाइँको वडा र टोलमा भएका खोला र खोल्साको नाम तालिका बनाएर लेख्नुहोस् ।

(आ) खोलाका पाँच फाइदा लेख्नुहोस् ।

(इ) खोला र खोल्सा प्रदूषित हुने पाँच कारण लेख्नुहोस् ।

(ई) नदी, खोला र खोल्सालाई प्रदूषित हुनबाट बचाउने पाँच उपाय लेख्नुहोस् ।

## ठिक र बेठिक छुट्याऔं :

(अ) खोलाको पानीलाई नहर । कुलोबाट खेत र बारीमा सिँचाइ गर्न उपयोग गरिन्छ । (    )

(आ) खोलाको पानीबाट बिजुली निकाल्न सकिन्छ । (    )

(इ) खोलाको पानीमा फोहोर फाले पनि हुन्छ । (    )

(ई) खोलामा बाढी पनि आउन सक्छ । (    )

(उ) खोलामा साना नानीहरू जानु हुँदैन । (    )

## परियोजना कार्य :

(अ) घरमा अभिभावकलाई सोधेर तपाइँको वडा, टोलमा भएका खोला र खोल्साको नाम तालिकामा लेखेर ल्याउनुहोस् ।

(आ) घरमा अभिभावकलाई सोधेर तपाइँको वडा, टोलमा भएका खोला र खोल्साको पानीलाई कसरी उपयोग गरिएको छ ? लेखेर ल्याउनुहोस् ।

## रङ भरौँ :



# पाठ ३ : हाम्रा डाँडापाखा र वनजङ्गल

## पढौँ र जानौँ :



सुन्तले डाँडामा मिति २०८० साल मङ्सिर १५ गते श्री विद्योदय माध्यमिक विद्यालयले कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि एक दिने वनभोज कार्यक्रमको आयोजना गरेको थियो । उक्त दिन अरू समूह पनि वनभोजमा आएका थिए ।

वनभोजमा स्मरणयोग्य क्रियाकलापहरू पनि भएका थिए । उक्त वनभोजमा स्थानीय विषय शिक्षकले विद्यार्थीहरूलाई सुन्तलेबाट उत्तर दिशातिर देखिने सुन्दर हिमाल देखाउनु भयो साथै पश्चिम दिशाका दावाँ आसपासका सुन्दर फाँट, गाउँबस्ती, डाँडाकाँडा र वनजङ्गल देखाउनु भयो ।

गीत बजाएर सबैले गाँउदै नाचेका थिए । समूहमा फोटो पनि खिचेका थिए । वनभोज स्थल र वनभोजका महत्त्व बारे शिक्षकले ५ मिनेटको प्रवचन दिँदै कापीमा टिप्न लगाइएको थियो । सबैले मिलेर मिष्ठान्न भोजन बनाएर खाए अनि बेलैमा घर फर्किए । भोलिपल्ट विद्यालयमा एक आपसमा अनुभव साटासाट गरे अनि सबै विद्यार्थीले एक हप्ता भित्रमा वनभोजको बारेमा प्रतिवेदन लेखेर बुझाए ।

## उत्तर लेखौँ

(अ) विद्यार्थीहरूलाई वनभोजमा कहाँ लगिएको थियो ?

उत्तर :

(आ) विद्यार्थीले वनभोजमा के के देखेका थिए ?

उत्तर :

(इ) तपाईंहरू विद्यालयबाट वनभोजमा कहाँ र कहिले जानु भएको छ ?

उत्तर :

(ई) तपाईंको गाउँमा रहेको डाँडाको नाम के हो ?

उत्तर :

(उ) तपाइँको ठाउँमा रहेको डाँडाबाट कहाँकहाँ देखिन्छ ?

उत्तर :

(ऊ) तपाइँको ठाउँमा रहेको जङ्गलको नाम के हो ?

उत्तर :

## परियोजना कार्य :

(अ) शैक्षिक भ्रमण/वनभोज गएर आएपछिको तलका शीर्षकका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

विद्यालयको नाम :

मिति :

ठाउँ :

के के देख्नुभयो :

के के राम्रो लाग्यो ?

सुधार गर्नुपर्ने केही थियो कि ?

(आ) आफ्नो ठाउँमा भएका वनजङ्गलका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

ठाउँ : .................. वनजङ्गलको नाम : ..........................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

# पाठ ४ : हाम्रो बाटोघाटो र सडक

## हेरौँ, चिनौँ र छलफल गरौँ :





राम गुरुङको घर भोजपुर नगरपालिका वडा नं. २ हेलौँछामा पर्दछ । उसको गाउँमा पुराना गोरेटा र घोडेटा बाटा छन् । त्यहाँ कच्ची सडक पनि पुगेको छ । भोजपुर बजार जाँदा सुन्तले, बाघखोर हुँदै जानु पर्छ । उसको गाउँबाट भोजपुर बजारसम्म पुग्न लगभग २ देखि ३ घण्टा लाग्छ । कच्ची सडक भएकाले पानी परेको बेला हिलो र घाम लागेको बेला धुलो उड्ने भएको हुँदा सवारी साधनमा आवतजावत गर्न गाह्रो पर्दछ । सडक निर्माणाधिन भएकाले पक्की सडक बनेपछि आवतजावत गर्न सहज हुने छ ।

## उत्तर लेखौँ :

(अ) राम गुरुङको गाउँमा जाने सडकको अवस्था कस्तो रहेको छ ?

उत्तर :

(आ) तपाईंको ठाउँबाट भोजपुर बजार पुग्न कति समय लाग्दछ ?

उत्तर :

(इ) तपाईंको ठाउँको सडक कस्तो प्रकारको छ ?

उत्तर :

(ई) सडकका कुनै दुई ओटा फाइदा लेख्नुहोस् ।

उत्तर :

(उ) सडक पार गर्दा के के कुरामा ध्यान दिनु पर्दछ ?

उत्तर :

## सडक बनाऔँ र रङ भरौँ :

कच्ची सडक

पक्की सडक

## हेरौँ, चिनौँ र पालना गरौँ :

**केका सङ्केत हुन् ?**




**तपाइँहरूले माथिका ट्राफिक सङ्केतहरू कुन कुन देख्नु भएको छ ? कक्षामा छलफल गर्नुहोस् ।**

माथिको ट्राफिक सङ्केतहरू कापीमा सारेर र रङ भरौँ :

तलको फोटोको बारेमा ३० ओटा शब्दमा लेखौँ :



# थिम २ : ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्थल








**सिकाइ उपलब्धि**

- आफनो घर वरपरका ऐतिहासिक सम्पदाको नाम र अवस्थिति बताउन,
- आफनो घर वरपरका धार्मिक सम्पदाको नाम र अवस्थिति बताउन,
- आफनो वडा भित्र अपनाउने धर्मको नामहरू बताउन,
- वडा भित्र प्रचलित स्थानीय बाजाहरू पहिचान गर्न,

**पाठ्यघण्टा** : २८


# पाठ १ : हाम्रो टक्सार बजार

## पढौँ र छलफल गरौँ :

मेरो नाम खुसी ताम्राकार हो । म कक्षा २ मा पढ्छु । म सात वर्षकी भएँ । म भोजपुर नगरपालिका १२ टक्सारमा बस्छु । पहिला यहाँ सिक्का (टक) बनाइने भएकोले मेरो ठाउँको नाम टक्सार रहेको हो । यहाँ तामाको डोली पैसा बनाइन्थ्यो ।

टक्सारमा धातुको करुवा, थाल, आम्खोरा, बटुका बनाइन्छ । मेरो टक्सारको करुवा प्रसिद्ध रहेको छ । धातुको काम गर्ने जनशक्ति कम हुँदै गएकाले धातुका सामान बनाउने उद्योग लोप हुने डर छ ।

टक्सारमा पुराना मन्दिर, विहार र घरहरू धेरै छन् । यहाँ नेपालकै पहिलो थेरवादी शाक्य मुनि विहार छ । मेरो घर नजिकै विद्याधरी अजिमा मन्दिर रहेको छ । शिवरात्रीमा मेला लाग्ने रणेश्वर महादेवको मन्दिर पनि छ ।





टक्सारको शिरमा अमृत तीन धारा छ । धाराको पानी साह्रै मिठो छ । मेरो टक्सारको नेवारी खाना मिठो मानिन्छ ।

## उत्तर लेखौं :

(क) खुशीको घर कहाँ हो ?

उत्तर :

(ख) खुशीको ठाउँको नाम कसरी टक्सार भयो ?

उत्तर :

(ग) टक्सारमा रहेको पुरानो विहारको नाम के हो ?

उत्तर :

(घ) विद्याधरी अजिमाको मन्दिर कहाँ रहेको छ ?

उत्तर :

(ङ) अमृत तीन धाराको पानी कस्तो छ ?

उत्तर :

## ठिक भएमा (√) र बेठिक भएमा (X) लगाउनुहोस् :

(क) धेरै पुराना सामान ऐतिहासिक वस्तु हुन् । [ ]

(ख) ऐतिहासिक वस्तुलाई जनत गर्नु पर्दैन । [ ]


(ग) ऐतिहासिक वस्तु हाम्रो सम्पत्ति हो । [ ]

(घ) पुराना सम्पदा हेर्न बाहिरबाट मानिस आउँछन् । [ ]

## गाउँटोलका भएका पुराना सम्पदाहरू सोधिखोजी तालिकामा भरौं :

| पुराना सम्पदाको नाम | टोलको नाम |
|---|---|
| | |
| | |
| | |
| | |

## चित्रमा उपयुक्त रङ भरौँ :



# पाठ २ : हाम्रा धार्मिक स्थलहरू

## पढौँ र छलफल गरौँ :



निमा शेर्पाको घर भोजपुर नगरपालिका ९ पानीट्याङ्की टोलमा छ । उनले बौद्ध धर्म मान्छन् । उनको घरको वरपर मन्दिर, गुम्बा, चर्चहरू रहेका छन् । निमा उनको बाबासँग पेमा छ्योलिङ गुम्बा दर्शन गर्न जान्छिन् ।



पानीट्याङ्कीमुनि सिद्धकाली मन्दिर छ । यहाँ टाढादेखि मानिसहरू पूजा गर्न आउँछन् । सिद्धकाली मन्दिर नजिकै राधाकृष्ण मन्दिर पनि छ । उनी कृष्ण अष्टमीका दिन कृष्ण रथ यात्राको रमाइलो हेर्न आमासँग राधाकृष्ण मन्दिर जान्छिन् ।

उनको गाउँमाथि काफ्लेमा हिमालय महायानी विश्व शान्ति बौद्ध गुम्बा रहेको छ । उनको घर नजिकै चर्चहरू पनि रहेका छन् । उनकी साथी सिमा शनिबार चर्चमा जान्छिन् । निमाको टोल वरपर विभिन्न धर्मका मन्दिर, गुम्बा, साकेला थान र चर्चहरू फूलझैँ फुलिरहेका छन् ।



छोड्खा साकेन्वा थान, आमचोक/जन्तेढुङ्गा

## उत्तर भनौँ :

(क) निमाले कुन धर्म मान्छिन् ?
(ख) निमाको घर वरपर के के छन् ?
(ग) निमा बुबासँग कहाँ जान्छिन् ?
(घ) विश्वशान्ति गुम्बा कहाँ रहेको छ ?
(ङ) निमाको टोलमा फूलझैं के के फुलिरहेका छन् ?

## जोडा मिलाऔं :



हिन्दू



बौद्ध



इसाई




किराँत

## आफ्नो ठाउँमा भएका धार्मिक सम्पदाहरूमा चिह्न (√) लगाऔं :









## उत्तर लेखौँ :

(क) तपाईँको घर वरपर भएका धार्मिक सम्पदाका नाम लेख्नुहोस् ।

..............................................................................

..............................................................................

..............................................................................

## तालिका भरौँ :

| धार्मिक सम्पदा | नाम | टोलको नाम |
|---|---|---|
| मन्दिर | | |
| गुम्बा | | |
| साकेला थान | | |
| चर्च | | |
| देवाली थान | | |
| ........... | | |

# पाठ ३ : हाम्रो टोलका धर्महरू

## पढौँ र छलफल गरौँ :



सोनियाकी साथीको नाम लाक्पादिकी हो । लाक्पादिकीले ग्याल्पो ल्होसारमा सोनियालाई घरमा बोलाएकी छिन् । आज ग्याल्पो ल्होसारमा विद्यालय बिदा पनि छ । सोनिया उनको साथीको घरमा गएकी छिन् ।

सोनिया : काकी टसिडेले (नमस्कार) ।

काकी : आहो ! टसिडेले सोनिया नानी ।

लाक्पादिकी : आऊ, बस न सोनिया ।

सोनिया : आहा ! कति रमाईलो ।

काकी : हो नि नानी, तिमी आएकोले हामी धेरै खुसी छौँ ।

लाक्पादिकी : ग्याल्पो ल्होसार हाम्रो ठुलो चाड हो । हामी बौद्ध धर्म मान्छौँ ।

सोनिया : हाम्रो ठुलो चाड दशैं, तिहार हो । हामी चाहिँ हिन्दू धर्म मान्छौँ ।

काकी : हाम्रो देश सबै जाति र धर्मका मानिसको साझा फुलबारी हो । राई समुदायको किराँत धर्मको ठुलो चाड साकेला उभौली र उधौली हो भने इसाई धर्मको ठुलो चाड क्रिसमस हो ।

सोनिया : धन्यवाद काकी ।

## उत्तर भनौं :

(क) सोनिया कहाँ गएकी छिन् ?

(ख) लाक्पादिकीले कुन धर्म मान्छिन् ?

(ग) सोनियाले कुन धर्म मान्छिन् ?

(घ) हाम्रो देश कस्तो फूलबारी हो ?

(ङ) इसाई धर्मको ठुलो चाड कुन हो ?

## तलका चित्रले कुन कुन धर्मलाई बुझाउँछन् ? लेख्नुहोस् :

बौद्ध धर्म, हिन्दू धर्म, किराँत धर्म र इसाई धर्म









## तलका प्रश्नहरूको उत्तर लेखौं :

(क) तपाईं कुन धर्म मान्नुहुन्छ ?

उत्तर :

(ख) तपाईंको धर्ममा सबैभन्दा ठुलो चाड कुन हो ?

उत्तर :

(ग) तपाईंको छिमेकीले कुन धर्म मान्नुहुन्छ ?

उत्तर :

## तलको तालिका भरौँ :

कक्षा २ अध्ययन गर्ने सबै साथीहरूले मान्ने धर्म सोधी तालिकामा भरौँ ।

| क्र.स. | साथीको नाम | धर्मको नाम |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |
| ९. | | |
| १०. | | |
| ११. | | |
| १२. | | |
| १३. | | |
| १४. | | |
| १५. | | |

# पाठ ४ : हाम्रा लोकबाजा

## भनौँ र छलफल गरौँ :






## गीत गाऔँ :



पञ्चेबाजा बजाउने बिहेमा
मादल बाँसुरीमा नाच्ने हो आँगनमा ।
स्याब्रु नाचमा टुङ्ना नि बजाऔँला
डम्फुसँगै सेलोमा नाचौँला ।



साकेलामा ढोलझ्याम्टा बजाउँला
उभौलीमा सिलीमा नाचौँला ।
ढोल झ्याम्टाले नचाउने लाखेमा
खैँजडीले रमाउने बालनमा ।





## चिनौँ र भनौँ :



पञ्चे बाजा



मादल








झ्याम्टा | ढोल | बाँसुरी







डम्फु | सारङ्गी | टुङ्ना







बिनायो | दमाहा | च्याब्रुङ

## जोडा मिलाऔं :

डम्फु



टुङ्ना



मुर्चुङ्गा



पञ्चे बाजा



## बाजा चिनौँ र नाम लेखौँ :











## उत्तर लेखौँ :

(क) तपाईंको घरमा भएका बाजाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

(ख) तपाईंले आफ्नो टोलमा देख्नु भएको स्थानीय बाजाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

## सोधिखोजी गरी तालिका भरौँ :

| क्र.सं. | छिमेकीको नाम | स्थानीय बाजाहरूको नाम |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

## तपाईँलाई मन पर्ने कुनै एक स्थानीय बाजाको चित्र कोर्नुहोस् :

# थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व



**छलफल गरौँ :**

नेपाल धेरै जातजाति, धेरै भाषाभाषी र धेरै संस्कृति मान्ने मानिसहरू बसोबास रहेको देश हो । माथिको चित्रमा जस्तै तपाईंको छिमेक र गाउँघरमा कुन कुन समुदाय मिलेर बसेका छन् ? शिक्षक र साथीसँग छलफल गर्नुहोस् ।

**सिकाइ उपलब्धि :**

- आफ्नो गाउँ/टोलको जातजातिहरूको नाम भन्न र लेख्न,
- जातीय सद्भाव र सम्मान व्यक्त गर्न,
- आफ्नो गाउँ/टोलका जातजातिले बोल्ने भाषाहरू पहिचान गरी भन्न,
- आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन,
- आफ्नो गाउँ/टोलमा मनाइने चाडपर्वहरूको सूची बनाउन,

**पाठ्यघण्टा** : २०

# पाठ : १ मेरो भोजपुर



## गीत गाऔँ :

बिहानीको झुल्कोसँगै उठ्छ मेरो गाउँ ।
सुन्तलेको काखैमुनि हाँस्छ मेरो गाउँ ॥
हेलौँछा छ उत्तरमा पारपानी तिरमा ।
पूर्वतिर आम्तेक पऱ्यो दाँवा पश्चिम् शिरमा ॥
शनिबारे हाट भर्नु भोजपुर बजारैमा ।
पानी पिउन तीन धाराको भेटौँ टक्सारैमा ॥
बिहानीको झुल्कोसँगै उठ्छ मेरो गाउँ ।
सुन्तलेको काखैमुनि हाँस्छ मेरो गाउँ ॥

## उत्तर भनौँ :

क. भोजपुर बजारको उत्तरमा कुन गाउँ पर्दछ ?

ख. भोजपुर बजारको दक्षिणमा कुन ठाउँ पर्दछ ?

ग. भोजपुर बजारको पूर्वमा कुन गाउँ पर्दछ ?

घ. भोजपुर बजारको पश्चिममा कुन गाउँ पर्दछ ?

ङ तपाईं बस्ने गाउँ/टोलको नाम के हो ? बताउनुहोस् ।

छ.तपाईंको गाउँ भोजपुर नगरपालिकाको कुन दिशामा पर्छ ?

## खाली ठाउँमा सुहाउने शब्द भरौं :

**टक्सार, शनिबारे, आम्तेक, सुन्तले, झुल्को**

क. भोजपुर बजारमा ........... हाट लाग्दछ ।

ख. तीन धाराको पिउने पानी ..........मा छ ।

ग. बिहानको ........... सँग गाउँ उठ्ने गर्छ ।

घ. ........... काखमुनि गाउँ हाँस्ने गर्छ ।

ङ. भोजपुर बजारको पूर्वतिर ........... रहेको छ ।

## चित्रमा सुहाउँदो रङ भरौं :



# पाठ २ : मेरा छरछिमेकी

**तलको संवाद पढौँ :**



गुरुआमा : पूर्णिमा, तिम्रो गाउँको नाम मलाई बताइदेऊ न ।

पूर्णिमा : मेरो गाउँको नाम बडहरे हो । यो भोजपुर नगरपालिका वडा नं. ४ सिद्धेश्वरमा पर्छ ।

गुरुआमा : स्याबास ! अब आफ्नो गाउँ र छिमेकी गाउँमा कुनकुन जातिका मानिसहरूको बसोबास रहेको छ ? त्यो पनि बताइदेऊ न ।

पूर्णिमा : मेरो गाउँमा प्रधानहरू मात्र बस्छौँ । मेरो छिमेकी गाउँ मोहरीयामा क्षेत्री, प्रधान, वि.क., नेपाली जातिका मानिसहरूको बसोबास रहेको छ ।

गुरुआमा : अहो ! कत्ति राम्रो बोलेको है । अब अरु साथीहरूले पनि यसरी नै सबैले आफ्नो गाउँछिमेकी बारे बताउने है ।

सबै : हवस् गुरुआमा ।

**तलका प्रश्नको उत्तर भनौँ :**

क. पूर्णिमाको गाउँको नाम के हो ?

ख. उनको गाउँमा कुन जातिका मानिस बस्छन् ?

ग. तिम्रो गाउँको नाम के हो ?

घ. तिम्रो गाउँमा कुनकुन जातिका मानिसहरू बस्छन् ?

## दिइएको खाली ठाउँ घरबाट भरेर ल्याउनुहोस् :

मेरो गाउँको नाम : ..................................................

मेरो गाउँमा बस्ने जातजातिको नाम : ....................................

मेरो छिमेकी गाउँको नाम : ............................................

छिमेकी गाउँमा बस्ने जातजातिहरू : ......................................

## गीत गाऔँ :



दौरा सुरुवाल गुन्यु चोली
लाउने हामी नेपाली
साकेला र लाखे पनि
नाच्ने हामी नेपाली ।

सँगिनी र सेलो पनि
गीत हाम्रै नेपाली
स्याब्रु पनि घाटु पनि
नाच हाम्रै नेपाली ।

पञ्चेबाजा, डम्फु, धिमे
बाजा हाम्रै नेपाली
बिनायो र सारङ्गी नि
बाजा हाम्रै नेपाली ।

## नाम चिनेर जोडा मिलाउनुहोस् :



बिनायो बाजा



डम्फु बाजा



सारङ्गी बाजा






धिमे बाजा











# पाठ ३ : मेरो भाषा



नमस्कार!

मेरो नाम प्रकृति गुरुङ हो ।

म भोजपुर नगरपालिका वडा नं. २ हेलौँछामा बस्छु । मेरो गाउँको नाम बेतिनी हो । मेरो मातृभाषा गुरुङ हो । म नेपाली भाषा राम्ररी बोल्न सक्छु । साथीहरू, म बोल्ने तरिका बताउँछु ।

हामीले अरुसँग बोल्दा शिष्ट भाषामा बोल्नुपर्छ । अरुसँग भेट हुँदा **नमस्कार** भन्नुपर्छ । गुरुङ भाषामा नमस्कारलाई **छ्याजलो** भनिन्छ । नमस्कार गर्दा दुवै हात जोडेर बोल्नुपर्छ । कसैले सहयोग गर्दा **धन्यवाद** भन्न भुल्नु हुँदैन । रिसाएर र झर्किएर कहिल्यै बोल्नु हुँदैन । सधैँ अरुलाई सम्मान गरेर बोल्नुपर्छ । बोल्दा **नराम्रो** र **गाली** शब्द प्रयोग गर्नुहुँदैन । अब तपाईँहरू पनि त्यसै गर्नुहोस् ल ।

## प्रश्नको उत्तर भनौँ :

क. प्रकृति गुरुङ कहाँ बस्छिन् ?

ख. हामीले अरुसँग भेट हुँदा सुरुमा के भन्नुपर्छ ?

ग. कसैले सहयोग गर्दा के भन्नुपर्छ ?

घ. बोल्दा कस्तो शब्द प्रयोग गर्नुहुँदैन ?

## पालैपालो बोल्ने अभ्यास गरौँ :

नमस्कार, धन्यवाद

**निनाम्मा** : नमस्कार !

**पारुहाङ** : ..............

**निनाम्मा** : हराएको तपाईँको डटपेन मैले भेटेर ल्याइदिएको छु ।

**पारुहाङ** : ............... छ, तपाईँको यो सहयोगका लागि ।

........... : .................

# पाठ ४ : हाम्रा भाषा



सागर भुजेल भोजपुर नगरपालिका वडा नं. ११ आम्तेकमा बस्छन् । उनी मेरा छिमेकी हुन् । उनको गाउँको नाम पित्तौँला हो । उनी आफ्नै भुजेल भाषा र नेपाली भाषा बोल्छन् । पित्तौँला गाउँमा भुजेल, तामाङ र ब्राह्मण जातिको बसोबास रहेको छ । ब्राह्मण जातिले नेपाली भाषा बोल्छन् भने तामाङ जातिले आफ्नै तामाङ भाषा र नेपाली भाषा दुवै बोल्दछन् ।

पित्तौँला गाउँको नजिकै बासबोटे र राङभाङ्गे भन्ने गाउँ रहेका छन् । ती गाउँमा दर्जी, बि.क., नेपाली (सार्की), राई, नेवार र क्षेत्री जातिको बसोबास रहेको छ । राई र नेवार समुदायका मानिसहरूको आफ्नो मातृभाषा साथै नेपाली भाषा पनि बोल्ने गर्दछन् । अन्य समुदायले नेपाली भाषा नै बोल्ने गर्दछन् ।

## उत्तर भनौँ :

क. सागर भुजेलको गाउँको नाम के हो ?

ख. सागरको गाउँमा कुनकुन भाषा बोलिन्छन् ?

ग. तामाङ जातिले कुन भाषा बोल्छन् ?

घ. तपाईंको गाउँको नाम के हो ?

ङ. तपाईंको गाउँ र छिमेकमा कुनकुन भाषा बोल्ने मानिसहरू छन् ?

च. तपाईंलाई आफ्नो मातृभाषा बोल्न आउँछ ?

## खाली ठाउँ भरौँ :

मेरो नाम : .......................................

मेरो गाउँको नाम : ..............................

मैले बोल्ने भाषा : ................................

मेरो मातृभाषा : .................................

मेरो गाउँमा बोलिने भाषाहरू : ..................

## परियोजना कार्य :

घरमा सोधेर आफ्नो गाउँ र छिमेकी गाउँमा बोलिने भाषाहरूको नाम लेखेर ल्याउनुहोस् ।

## चित्र कोरौँ :

आफ्नो घर वा विद्यालयको चित्र कोरेर रङ भर्नुहोस् :

# भाषा सिकौँ

## क्रियाकलाप १ : नमस्कार गीत गाऔँ

सेवा सेउ सेवारो है

झोर्ले टसिडेले

ज्वोज्वोलपा छ्याजलो है

फ्याफुल्ला नमस्कार ।



| हाम्रो नपामा बोलिने भाषा | | नमस्कार बुझाउने शब्द |
|---|---|---|
| नेपाली | - | नमस्कार |
| राई बान्तावा | - | सेवा |
| राई दुङमाली | - | सेउ |
| लिम्बू | - | सेवारो |
| मगर | - | झोर्ले |
| शेर्पा | - | टसिडेले |
| नेपाल भाषा (नेवारी) | - | ज्वोज्वोलपा |
| गुरुङ | - | छ्याजलो |
| तामाङ | - | फ्याफुल्ला |



## उपयुक्त शब्द छानी खाली ठाउँ भरौँ :

सेवा, झोर्ले, टसिडेले, ज्वोज्वोलपा, फ्याफुल्ला, नमस्कार

| भाषा | शब्द |
|---|---|
| नेपाली | .................... |
| राई बान्तावा | .................... |
| नेपाल भाषा (नेवारी) | .................... |
| मगर | .................... |
| शेर्पा | .................... |
| तामाङ | .................... |



## क्रियाकलाप २ : धन्यवाद गीत गाऔँ



धन्यवाद छ धन्यवाद
सुभायः हो आलाङ्ने
धन्यवाद छ धन्यवाद
थुजेछे धुजिछे
धन्यवाद छ धन्यवाद
नोगेन चोङ्सु ओर्छे
धन्यवाद छ धन्यवाद
सबैलाई छ धन्यवाद

| हाम्रो न.पा.मा बोलिने भाषा | | धन्यवाद बुझाउने शब्द |
|---|---|---|
| नेपाली | - | धन्यवाद |
| राई बान्तावा/दुङ्माली | - | आलाङ्ने |
| लिम्बू | - | नोगेन |
| मगर | - | चोङ्सु |
| शेर्पा | - | धुजिछे |
| नेपाल भाषा (नेवारी) | - | सुभायः |
| गुरुङ | - | ओर्छे |
| तामाङ | - | थुजेछे |

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| नोगेन | राई |
| सुभायः | तामाङ |
| आलाङ्ने | नेपाल भाषा |
| थुजेछे | लिम्बू |

# पाठ ५ : हाम्रा रमाइला चाडपर्व

## चित्र भनौँ, चिनौँ र छलफल गरौँ





















(लाखे, साकेला, संगिनी, सेलो, लिङ्गे पिङ, ल्होसार)

(अ) माथिका फोटाहरू हेर्नुहोस् र त्यहाँ के के देख्नुभयो ? आफ्ना साथी र शिक्षकलाई सुनाउनुहोस् ।

(आ) माथिका फोटाहरू कुन कुन चाडपर्वसँग सम्बन्धित छन् ? बताउनुहोस् ।

(इ) तपाईंको परिवारले मनाउने कुनै एक मुख्य चाडपर्वको नाम बताउनुहोस् ।

## चाडपर्व चिनौँ :

नमस्कार !



मेरो नाम सृष्टि हो । म टक्सारमा बस्छु । मैले मेरा छिमेकीले मनाउने चाडपर्वका नाम बताउँदै छु । साथी, त्यसपछि तपाईँले पनि आफ्ना छिमेकीले मनाउने मुख्य चाडपर्वको नाम मलाई बताइदिनुपर्छ है ।

टक्सारमा नेवार, तामाङ, राई, क्षेत्री, ब्राह्मण, दलित समुदाय तथा अन्य जातिका मानिसहरू बसोबास गर्छन् । नेवार समुदायको लाखेजात्रा एक मुख्य पर्व हो । राई जातिको उधौली र उभौली पर्व मुख्य हो । तामाङ जातिले ल्होसार पर्व मनाउँछन् । दशैँ-तिहार क्षेत्री, ब्राह्मण तथा अन्य समुदायको मुख्य चाड हो । दशैँ-तिहार नेपालमा बस्ने धेरैजसो मानिसहरूको साझा चाडपर्वभित्र पनि पर्दछ ।

साथी, अब तपाईँको बताउने पालो है ।

## क्रियाकलाप गरौँ :

१. पालैपालो आफू र आफ्नो छिमेकी समुदायले मनाउने मुख्य चाडपर्वको नाम बताऔँ ।

२. साथीले बताएको चाडपर्वहरूको नाम सम्झेर भनौँ र लेखौँ ।

........................... ........................... ...........................

## हाम्रा चाडपर्वहरूको नाम चिनौँ र लेखौँ

### शिक्षकसँगै भनौँ :

| चाडपर्व | | मनाउने समुदाय |
|---|---|---|
| उधौली-उभौली | = | राई |
| जनैपूर्णिमा | = | ब्राह्मण/क्षेत्री |
| क्वाटी पूर्णिमा | = | नेवार |
| सोनाम ल्होसार | = | तामाङ |
| ग्याल्पो ल्होसार | = | शेर्पा |
| तमु ल्होसार | = | गुरुङ |
| माघी पर्व | = | मगर |

### आफैँ भनौँ :

- आफूले जानेको कुनै पाँच ओटा स्थानीय चाडपर्वको नाम सम्भेर बताउनुहोस् ।
- ती चाडपर्वहरू मनाउने समुदाय कुनकुन हुन् ? बताउनुहोस् ।

### पहिला चिन्नुहोस् र खाली ठाउँमा उपयुक्त नाम भर्नुहोस् :

लाखे जात्रा, साकेला/साकेन्वा सिलि, सेलो नाच, जनै पूर्णिमा










## परियोजना कार्य :

आफ्नो टोलछिमेकमा बसोबास गर्ने मानिसहरूले मनाउने मुख्य चाडपर्वहरूको सूची लेखेर ल्याउनुहोस् ।


## दशैं-तिहारमा खेलिने लिङ्गे पिङको राम्रो चित्र कोर्नुहोस् :




**लिङ्गे पिङ**



# थिम ४ : आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि





**सिकाइ उपलब्धिः**

- आफ्नो गाउँ/टोलका आर्थिक क्रियाकलाप हुने ठाउँहरू बताउन (हाट, बजार, पसल आदि),
- आफ्नो गाउँ/टोलमा बसोबास गर्ने मानिसहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरू बताउन,
- आफ्नो वडामा प्रयोग हुने रैथाने प्रविधिहरू (हलो, जुवा, डोको, चित्र, कोल (ऊखु र तोरी पेल्ने), पिङ ( लिङ्गे र रोहोटे) चिन्न र नाम बताउन,

**पाठ्य घण्टा : ३०**

# पाठ १ : हाम्रा हाट, बजार र पसल

## चित्रहरू हेरौँ, पढौँ र छलफल गरौँ :



भोजपुर बजार



बजारमा भाँडावर्तनको किनबेच



बजारमा किनबेच भइरहेका खसीबाखा



भोजपुर शनिबारे हटिया




मोबाइल पसल



बैङ्कमा रुपैयाँ पैसाको कारोबार



गहना पसल



कपडा पसल



ताजा फलफूल पसल



ताजा तरकारी पसल



भण्डारण गरिएका अलैंची



बिक्रीका लागि तयारी अवस्थाका अलैंची



मुल्यवान रुद्राक्षको दाना

## गीत गाऔँ :

अलैँची फलाउँछौँ ,
खोल्सा भित्ता खोलामा ।
त्यही अलैँची बेचेर,
पैसा पाइन्छ झोलामा ॥



धेरै पैसा पाउँदा,
बाले सबलाई डाक्नु भो ।
झोलाको पैसा बाले,
बैङ्कमा राख्नु भो ॥



बैङ्कबाट बुबाले,
केही पैसा झिक्नु भो ।
पसल गई सबैलाई,
लुगाफाटो किन्नु भो ॥



घरकी बोजु हाँस्नु भो,
सुनको बाला किन्दिँदा ।
बाजे खुशी हुनु भो,
दौरासुरुवाल ल्याइदिँदा ॥



कति  सफा सुग्घर,
फलफूलको पसल ।
फलफूल किनी खाँदा,
स्वास्थ्यलाई असल ॥



घुरानैमा फलेको,
रुद्राक्षको एक दाना ।
एकै दाना बेचेर,
दाइले किने आइफोन ॥





## क्रियाकलाप गरौँ :

### क. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

१. हामीसित पैसा भएमात्र हाटबजार, पसलमा सामान किन्न सकिन्छ ।( )

२. रुद्राक्ष खाद्यान्नका लागि उत्पादन गरिने बाली हो । ( )

३. अलैँची नेपालमा धेरै उत्पादन गरी विदेश पठाइने बाली हो । ( )

४. रुपैयाँ तथा पैसासम्बन्धी कारोबार बैङ्कहरूमा हुने गर्दछ । ( )

५. सुन पसलमा सुन किन्न जाँदा थोरै पैसा लिएर गए पनि हुन्छ । ( )

### ख. कोष्ठकमा दिइएको उपयुक्त शब्द वा पदावली छानेर खाली ठाउँ भर्नुहोस् :

१. अलैँची नेपालको पहाडको ........... भूगोल भएको जग्गामा फल्ने बाली हो । (चिस्यान/सुख्खा/ढुङ्ग्यान)

२. बैङ्कमा ............कारोबार हुन्छ । (अन्नपातको/रुपैयाँपैसाको/खाजानास्ताको)

३. रुद्राक्ष नेपालबाट विदेशमा पठाइने ................. बाली हो । (मुल्यवान/सस्तो/सित्तैको)

४. ................ मानिसलाई चाहिने सबै सामानहरू किन्न र बेच्न पाइन्छ । (हाटबजारमा/ खेतबारीमा/ वनजङ्गलमा)

५. अरु सामानभन्दा धेरै ............. सुन किन्नलाई चाहिन्छ । (तरिका/नगद/झोला)

# पाठ २ : चित्रबहादुरको आरन

## चित्र हेरौँ, पढौँ र छलफल गरौँ :



## तलको पाठ पढौँ र क्रियाकलाप गरौँ :

चित्रबहादुर वि.क.को परिवारको अस्थायी बसोबास भोजपुर पानीट्याङ्कीमा छ । उहाँको खास घर भोजपुर नगरपालिका वडा नं. १०, खुरिला हो । उहाँको पानीट्याङ्की छाप्री चोक छेउमै खुकुरी उद्योग (आरन) छ । उहाँले भोजपुरे खुकुरी बनाउने गर्नुभएको छ । चित्रबहादुर वि.क.ले नयाँ खुकुरी तयारी गर्नुका साथै पुराना सामानहरू मर्मत पनि गर्नु हुन्छ । उहाँले ग्राहकका आवश्यकताअनुसारका खुकुरी र अन्य हतियारहरू बनाउनु हुन्छ । अलि महँगो जस्तो भए पनि उहाँको यो सिपलाई सबैले मन पराएका छन् ।

चित्रबहादुरले सरदर दिनको २ वटासम्म नयाँ खुकुरीहरू बनाउनु हुँदो रहेछ। प्रति खुकुरी सरदरमा दुई हजार रुपैयाँभन्दा बढीका दरले बेच्ने गर्नु भएको रहेछ। गोल (कोइला), फलाम तथा अन्य सामानको मूल्य कटाएर पनि उहाँको कामबाट दिनमा सरदर चार हजार रुपैयाँभन्दा बढी कमाइ हुँदो रहेछ। मुख्य आम्दानी यही पेसाबाट गर्नुहुने वहाँले घरखर्च, बालबच्चालाई शिक्षादीक्षा, परिवारका स्वास्थ्यमा पनि खर्च पुऱ्याउनु हुँदो रहेछ। परम्परागत मौलिक पेसा र भोजपुरको इतिहास तथा सान भएकाले खुकुरीको माग राम्रोसँग बढिरहेको र यसै पेसाबाट चित्रबहादुरको परिवारले राम्रोसँग जीवन धानीरहनु भएको छ।

## क्रियाकलाप गरौँ :

### ठिकबेठिक छुट्याउनुहोस् :

(१) चित्रबहादुर वि.क.को परिवारको मुख्य पेसा खुकुरी बनाउने हो।

(२) चित्रबहादुरले आफ्नो पेसाबाट ग्राहकलाई सन्तुष्ट बनाउन सक्नुभएको छैन।

(३) भोजपुरको खुकुरी भोजपुर जिल्लाकै चिनारी हो।

(४) खुकुरी बनाउने पेसाबाट नै चित्रबहादुरको परिवारको गुजारा चलिरहेको छ।

(५) चित्रबहादुर वि.क.को दिनको सरदर कमाइ रु.४,४०० जति हुन्छ।

### माथिको पाठ पढी उत्तर लेख्नुहोस् :

(१) चित्रबहादुर वि.क.को परिवारका मुख्य पेसा के हो ?

उत्तर :

(२) चित्रबहादुरले शिक्षा, स्वास्थ्य र घरखर्च कसरी जुटाउनुहुन्छ ?

उत्तर :

(३) चित्रबहादुरको दिनको सरदर कमाइ कति हुन्छ ?

उत्तर :

(४) चित्रबहादुरले दिनमा कति वटासम्म खुकुरी बनाउनुहन्छ ?

उत्तर :

(५) चित्रबहादुर वि.क.को पेसा तपाईँलाई कस्तो लाग्यो ?

उत्तर :

# पाठ ३ : हाम्रा पेसा

## पढौँ र छलफल गरौँ :

मेरो नाम डोल्मा तामाङ हो । मेरो घर भोजपुर न.पा. वडा नं. २ हेलौँछा घारामा पर्छ । हाम्रो घरमा ६० ओटा बाख्रा, २ वटा भैँसी, २ ओटा गाई र हल गोरु छन् । हाम्रो परिवारलाई पुग्ने मकै आफ्नै बारीमा नै बुवाआमाले फलाउनु हुन्छ । हाम्रो परिवारको पेसा कृषि हो ।



मेरो नाम सुप्रिम ताम्राकार हो । मेरो घर भोजपुर न.पा. १२, टक्सार हो । मेरो घरमा बुबाले धातुका करुवा र कचौरा बनाउनु हुन्छ । करुवा लिन थुप्रै मानिसहरू आउनुहुन्छ । बुबा बिहानदेखि बेलुकासम्म त्यही काम गर्दा पनि धेरै मानिसहरू करुवा पाइन भनेर गुनासो गर्नुहुन्छ । बुबाले यसै पेसाबाट धेरै पैसा कमाएर घरको खर्च टार्नुहुन्छ । हाम्रो परिवारको पेसा धातुसम्बन्धी घरेलु उद्योग हो ।



मेरो नाम अनुपा कार्की हो । मेरो घर भोजपुर न.पा. ३, गुप्तेश्वर दाँवा हो । घरमा धेरै जसो आमा र म मात्रै बस्छौं । मेरो बुबाको निर्माण व्यवसाय पेसा छ । ठेक्का परेको ठाउँको साइटमा कामदार र औजार लाउनमा नै उहाँ व्यस्त हुनुहुन्छ । बुबाले हामीलाई राम्रो लुगा र मिठा खानेकुरा किनिदिनुहुँदा बहिनी र म खुशी हुन्छौं । साइटको काम सकिए पछि भने बुवा निकै लामो समय हामीसित नै बस्नुहुन्छ । त्यो बेला आमा र मलाई खुशी लाग्छ ।



## क्रियाकलाप गरौं :

### तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

१. डोल्मा तामाङको परिवारको पेसा कृषि हो । ( )

२. सुप्रिम ताम्राकारका बुबाले ६० जटा जति बाख्रा पाल्नु भएको छ । ( )

३. अनुपा कार्कीका बुबा निर्माण व्यवसायी हुनुहुन्छ । ( )

४. हामी र हाम्रा परिवारका कुनै न कुनै एक पेसा हुन्छ । ( )

### माथिको पाठ पढी उत्तर लेख्नुहोस् :

१. डोल्मा तामाङको परिवारका पेसा के हो ?

उत्तर :

२. कृषि पेसाका मानिसले के के काम गर्ने गर्दछन् ?

उत्तर :

३. करुवा र कचौरा बनाउने घरेलु उद्योग कुन स्थानमा रहेको छ ?

उत्तर :

४. अनुपा कार्कीका बुबा के काम गर्नुहुन्छ ?

उत्तर :

५. तपाईँका बुवाआमा के के काम गर्नुहुन्छ ? लेखेर ल्याउनुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

उत्तर :

# पाठ ४ : कृषि तथा स्थानीय औजार



बारी जोत्न तयारी



बारी जोत्न आवश्यक जुवा



बारी खन्न आवश्यक कोदाली



कोल



सामूहिक रुपमा डोको बुन्दै



डोको बुन्दै स्थानीय



लिङ्गे पिङमा रमाउँदै स्थानीय



रोटे पिङमा रमाउँदै स्थानीय



चित्रा बुन्दै स्थानीय युवा

## गीत गाऔँ र क्रियाकलापका बारेमा छलफल गरौँ :

हलो जोत्ने हली दाइ,
खेत खन्ने कोदाली ।
कोदालीले खन्छौँ हामी,
दुई हातले उचाली ॥





धान रोपाइँमा दाँदे फ्याउरी,
सबैलाई चाहिन्छ ।
खेतबारीका औजार सबै,
किसानका मै पाइन्छ ॥

पहिले पहिले घुम राम्रो,
बाजेका पालामा ।
अहिले हामी छाता ओड्दा,
बाछिटा गालामा ॥





ढिकीजाँतो, कोल थियो,
मिलको सट्टमा ।
टपरीमा खाने खाजा,
खान थाल्यौँ बट्टामा ॥

डालो, डोको, चित्रा बुन्न,
बाँसको चोया तयार छ ।
बुनेर पुऱ्याइदिन,
बुवालाई हतार छ ॥





रोटे पिङ र लिङ्गे पिङ
मेला महोत्सवमा ।
रमाई रमाई खेल्न पाइन्छ,
हर्ष उल्लासमा ॥

## क्रियाकलाप गरौँ :

### जोडा मिलाऔँ :

रोटे पिङ



कोल



चित्रा बुन्दै



डोको बुन्दै



जुवा



## तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाउनुहोस् :

१. खेत जोत्न हलो र हली दुवैको खाँचो पर्दछ ।( )

२. कोदाली एक हातले चलाइने घरेलु साधन हो ।( )

३. डोको, डालो र चित्रा तयार गर्न बाँस वा निगालाका चोया चाहिन्छ । ( )

४. रोटे पिङ र लिङ्गे पिङ मेला महोत्सव र चाड पर्वमा देखिने मनोरञ्जनका साधन हुन् । ( )

## माथिको पाठ पढी उत्तर लेख्नुहोस् :

(१) हलो र कोदाली कुन पेसाका मानिसले प्रयोग गर्दछन् ?

उत्तर :

(२) धान र तोरी पेल्ने अहिलेको मिलको सट्टामा पहिला कुनकुन साधन चलाइन्थ्यो ?

उत्तर :

(३) गाउँघरमा पाइने चोयाबाट के कस्ता सामानहरू बनाउन सकिने रहेछ ?

उत्तर :

(४) पिङ केके अवसरहरूमा खेलिन्छ ?

उत्तर :

(५) लिङ्गे पिङ बनाउन केके सामग्री चाहिने रहेछ ?

उत्तर :

(६) कोलको बारेमा तपाईँका अभिभावकलाई सोधी लेखेर ल्याउनुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

उत्तर :

# थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व














**सिकाइ उपलब्धि :** **पाठ्यघण्टा : १८**

- आफ्नो जिल्ला, स्थानीय तहको नाम र वडा सङ्ख्या बताउन
- आफ्नो नगर प्रमुख र वडाध्यक्षको नाम बताउन
- आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम बताउन र चिन्न

# पाठ १ : हाम्रा वडा

## गीत गाऔँ :




डाँडाबोखिम एक हो नि हेलौँछा त दुई

गुप्तेश्वर तीन पऱ्यो सिद्धेश्वर चार

बोखिम हो नी पाँच हजुर पालुवा त छ

भोजपुर बजार सात पऱ्यो पोखरे त आठ

काफ्ले हो नि नौं नम्बर भैंसीपङ्खा दस

आम्तेक पऱ्यो एघार त टक्सार बजार बाह्र ।

(हाम्रो वडा, राम्रो वडा, जम्मा बाह्र वडा ।)[२]



## उत्तर लेखौँ :

(अ) तपाईँ कुन वडामा बस्नु हुन्छ ?

उत्तर :

(आ) भोजपुर नगरपालिकामा कतिओटा वडाहरू छन् ?

उत्तर :

**(इ)** भोजपुर नगरपालिकाका वडाहरू तालिकामा देखाउनुहोस् ।

| वडा नं. | ठाउँको नाम |
|---|---|
| १ | डाँडाबोखिम |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

**परियोजना कार्य :**

घरमा अभिभावकलाई सोधेर तपाईंको वडाका वडाध्यक्ष र सदस्यहरूको विवरण तालिकामा भरेर ल्याउनुहोस् ।

स्थानीय तहको नाम : ............................  वडा नं. ...............

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | वडाध्यक्ष | |
| २. | सदस्य | |
| ३. | | |
| ४. | | |
| ५. | | |

### उत्तर लेखौं :

(अ) आफ्ना वडाका  वडाध्यक्षलाई भेट्दा तपाइँ कसरी आदर गर्नुहुन्छ ?

उत्तर :

(आ) तपाइँ  छिमेकी हजुरबुबालाई भेट्दा कसरी आदर गर्नुहुन्छ ?

उत्तर :

(इ) घरमा आउनु हुने पाहुनाको तपाइँ कसरी आदर सत्कार गर्नुहुन्छ ?

उत्तर :





# पाठ २ : हाम्रा जनप्रतिनिधि




## पढौँ र जानौँ :




नेपालमा स्थानीय तहको निर्वाचन वि.स. २०७४ मा पहिलो पटक र वि.स.२०७९ सालमा दोस्रो पटक समेत सम्पन्न भएका छन् । निर्वाचनमा नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडाका चार चार जना सदस्यहरू जनताबाट निर्वाचित भएका छन् । जनप्रतिनिधिहरूको पदावधि पाँच वर्षको हुन्छ ।




## उत्तर लेखौँ :

(अ) नेपालमा स्थानीय तहको निर्वाचन कहिले कहिले सम्पन्न भएका छन् ?

उत्तर :

(आ) भोजपुर नगरपालिकाको वर्तमान नगर प्रमुख को हुनुहुन्छ ?

उत्तर :

(इ) भोजपुर नगरपालिकाको वर्तमान नगर उपप्रमुख को हुनुहुन्छ ?

उत्तर :

(ई) नगर प्रमुख र उपप्रमुखको कार्य अवधि कति वर्षको हुन्छ ?

उत्तर :

## उपयुक्त विकल्प कापीमा लेखौँ :

(अ) नेपालमा हालसम्म स्थानीय तहको निर्वाचन कति पटक भएका छन् ?

(क) २ (ख) ३ (ग) ४ (घ) ५

(आ) प्रत्येक वडामा कतिजना जनप्रतिनिधि निर्वाचित हुन्छन् ?

(क) २ (ख) ३ (ग) ४ (घ) ५

(इ) नेपालमा स्थानीय तहको पहिलो निर्वाचन कहिले सम्पन्न भएको थियो ?

(क) २०७३ (ख) २०७४ (ग) २०७७ (घ) २०७९

(ई) स्थानीय तहको निर्वाचन कति वर्षमा हुने गर्दछ ?

(क) २ (ख) ३ (ग) ४ (घ) ५

## परियोजना कार्य :

घरमा अभिभावकलाई सोधेर पछिल्लो स्थानीय निर्वाचनका बारेमा एक अनुच्छेद लेखेर ल्याउनुहोस् र कक्षामा पालैपालो सुनाउनुहोस् ।

# पाठ ३ : हाम्रा प्रधानाध्यापक

## अभिनय गरौँ :

(कक्षा २ का विद्यार्थीहरूबिच भएको कुराकानी)

दिपक : नमस्कार साथीहरू ।

दीपा : मेरो पनि सबैलाई नमस्कार ।



करूणा : आज हामी के को बारेमा कुराकानी गर्ने हो ?

दिपक : हाम्रो विद्यालयको बारेमा कुराकानी गरौँ न ।

दीपा : सुरू गरौँ ।

दिपक : हाम्रो विद्यालय राम्रो विद्यालय हो ।

दीपा : कसरी नि ?

दिपक : हाम्रो विद्यालय राम्रो बिद्यालय त्यत्तिकै भनिएको होइन नि । बिहान १०:०० बजे खुल्छ र दिउँसो ४:०० बजे सम्म पढाइ हुन्छ ।

करूणा : हो त, विद्यालयमा पढाइका अतिरिक्त साप्ताहिक रूपमा प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलापहरू जस्तै खेलकुद, साङ्गीतिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगितालगायत अन्य क्रियाकलाप सञ्चालन हुने गर्दछ ।

दीपा : अरू पनि छ कि ?

दिपक : छ नि, दैनिक गृहकार्य हुने, एकाइ परीक्षा हुने र अन्य परीक्षा र नतिजा प्रकाशन समयमै हुने आदि ।

निमा : हाम्रो विद्यालय राम्रो विद्यालय हुनुमा चाहिँ क–कसको भूमिका छ नि ?

दीपा : प्रमुख भूमिका त प्रधानाध्यापकको हुन्छ नि ।

दिपक : विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक, हामी विद्यार्थी र अभिभावक लगायत सरोकारवाला सबैको पनि त भूमिका हुन्छ नि, हैन र ?

शिव : ठिक भन्नुभयो, सबै साथीहरूलाई छलफलका लागि धेरै धेरै धन्यवाद ।

करूणा : सबैलाई धन्यवाद ।

## उत्तर लेखौँ :

(अ) तपाईंको विद्यालयको नाम र ठेगाना लेख्नुहोस् ।

उत्तर :

(आ) राम्रो विद्यालय बनाउन प्रमुख भूमिका कसको रहन्छ ?

उत्तर :

(इ) विद्यालयमा पढाइका अतिरिक्त कुनकुन क्रियाकलाप हुने गर्दछन् ?

उत्तर :

(ई) विद्यालय राम्रो हुन के के चाहिन्छ ?

उत्तर :

## परियोजना कार्य :

(अ) तपाईंका विद्यालयका प्रधानाध्यापक र कक्षा २ मा अध्यापन गर्ने शिक्षकहरूको विवरण कक्षा शिक्षकको सहयोगमा तयार पार्नुहोस् ।

विद्यालयको नाम : ...................................... ठेगाना : .................

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | प्रधानाध्यापक | |
| २. | शिक्षक | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

(आ) आफूले पढिरहेको विद्यालयका बारेमा एक अनुच्छेद कापीमा लेखेर ल्याउनुहोस् ।

## चित्र हेरी छलफल गरौँ :



# थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि



**सिकाइ उपलब्धि :**

- विभिन्न प्रकारका भवन र भवन निर्माण गर्न आवश्यक सामग्रीहरू पहिचान गर्न,
- पूर्वाधार विकासका स्थानीय प्रविधिहरू र जनशक्तिको पहिचान गर्न,
- आफ्ना अभिभावकहरूको सम्पर्क नम्बरमा फोन सम्पर्क गर्न,

**जम्मा कार्यघण्टा :** २०

# पाठ १ : पासाङदिकीको घर

## तलको चित्र हेरी छलफल गरौँ :



## शिक्षकसँगै पढौँ :

माथिको चित्रमा देखाइएको घर पासाङदिकी शेर्पाको हो । उनको घर भोजपुर नगरपालिका वडा नं. १ भाम्राङ्मा छ । उनको घर ढुङ्गा, माटो, काठ जस्ता सामग्री प्रयोग गरेर बनाइएको छ । घरको छानोमा खर र झिँगटी प्रयोग गरिएको छ । उनका छिमेकमा भएका धेरैजसो घरहरू यस्तै छन् । कुनैकुनै घरमा जस्तापाताको छानो लगाइएको छ । उनको विद्यालयका भवनहरू चाहिँ कुनै ढुङ्गा माटोले वनेका छन् त कुनै सिमेन्ट, रड, बालुवा आदिले बनेका छन् । विद्यालय नजिकै उनका काकाले एउटा सानो पक्की घर बनाउनु भएको छ । त्यो घरमा वहाँको सानो पसल पनि छ ।

## तलका प्रश्नहरूको उत्तर लेखौँ :

(क) पासाङदिकीको घर कहाँ छ ?

उत्तर :

(ख) उनको घरको छानोमा केकेको प्रयोग गरिएको छ ?

उत्तर :

(ग) ढुङ्गा माटोले बनेको र सिमेन्टले बनाएको घरमा कुन बलियो हुन्छ होला ?

उत्तर :

(घ) घर बनाउन प्रयोग गरिने विभिन्न सामग्रीहरू पाठबाट खोजेर लेख्नुहोस् ।

उत्तर :

## ठिक बेठिक छुट्याउनुहोस् :

(क) भाम्राङ् भोजपुर नगरपालिका वडा नं. २ मा पर्छ । (    )

(ख) पासाङदिकी पक्की घरमा बस्छिन् । (    )

(ग) पासाङदिकीको छिमेकमा धेरैजसो घर कच्ची छन् । (    )

(घ) पासाङदिकीको छिमेकमा जस्तापाताको छानो भएका घर थोरै छन् । (    )

(ङ) पासाङदिकीका काका पक्की घरमा पसल गर्नुहुन्छ । (    )

## चित्र हेरी विभिन्न प्रकारका घरहरू चिनौँ :



खरको झुपडी



टिनको टहरो



बाँसबाट निर्मित घर



झिँगटी घर



आधुनिक पक्की घर



ढुङ्गा माटोको घर

माथि चित्रमा दिइएका बाहेक तपाईंले अरु कस्ता घर तथा भवनहरू देख्नुभएको छ ? कक्षामा छलफल गर्नुहोस् ।

## तलको चित्रकथा पढ्नुहोस् र आफूले बुझेको कुरा कक्षामा सुनाउनुहोस् :

एक पटकको कुरा हो, कुनै गाउँमा तीन साना सुँगुरहरू थिए । तिनीहरूले आफ्नै घरहरू वनाउने निर्णय गरे । पहिलो सानो सुँगुरले आफ्नो घर परालले बनायो किनभने यो सजिलो र छिटो थियो । दोस्रो सानो सुँगुरले आफ्नो घर काठले बनायो किनभने यो परालभन्दा केही बलियो थियो । तेस्रो सानो सुँगुरले धेरै मेहनत गरेर आफ्नो घर इँटाले बनायो, जुन सबैभन्दा बलियो थियो ।





एक दिन, एक ठुलो खराब ब्वाँसो आयो । उसले पहिलो सानो सुँगुरको परालको घर देख्यो र भन्यो, "सानो सुँगुर, सानो सुँगुर, मलाई भित्र आउन देऊ !" सानो सुँगुरले जवाफ दियो, "मेरो घरको कसम, म तिमीलाई भित्र आउन दिन्न !" ब्वाँसोले भन्यो, "त्यसो भए म फुकेरै तिम्रो घर उडाइदिन्छु !" र उसले त्यसै गऱ्यो । ब्वाँसोले परालको घर उडायो, र सानो सुँगुर आफ्नो दाजुको काठको घरमा भाग्यो ।



ब्वाँसो दोस्रो घरमा गयो र भन्यो, "सानो सुँगुरहरू, सानो सुँगुरहरू, मलाई भित्र आउन देऊ !" साना सुँगुरहरूले जवाफ दिए, "हाम्रो घरको कसम, हामी तिमीलाई भित्र आउन दिन्नौं !" ब्वाँसोले भन्यो, "त्यसो भए म फुकेरै तिमीहरूको घर उडाइदिन्छु !" र उसले त्यसै गऱ्यो । उसले काठको घर उडायो, र ती दुई साना सुँगुरहरू आफ्नो दाजुको इँटाको घरमा भागे ।

ब्वाँसो तेस्रो घरमा गयो र भन्यो, "सानो सुँगुरहरू, सानो सुँगुरहरू, मलाई भित्र आउन देऊ !" साना सुँगुरहरूले जवाफ दिए, "हाम्रो घरको कसम, हामी तिमीलाई भित्र आउन दिन्नौं !" ब्वाँसोले भन्यो, "त्यसो भए म फुकेरै तिमीहरूको घर उडाइदिन्छु !" उसले जोडसँग फुक्यो र हुँकाऱ्यो, तर इँटाको घर उडाएन ।





ब्वाँसो धेरै रिसायो र सुँगुरहरूलाई छल्ने निर्णय गर्यो । ऊ छानामा चढ्यो र चिम्नीबाट तल आउन प्रयास गर्यो । तर तेस्रो सानो सुँगुर चलाख थियो । उसले चुलोमा उमालेको पानीको भाँडो राखेको थियो । जब ब्वाँसो चिम्नीबाट तल आयो, ऊ तातो पानीमा खस्यो र कहिल्यै फेरी ती तीन साना सुँगुरहरूलाई सताएन ।



तीन साना सुँगुरहरू आफ्नो बलियो इँटाको घरमा खुशीसाथ बस्न थाले ।

**तपाईं बसेको घर के के सामग्री प्रयोग गरी बनाइएको छ ? आफ्ना अभिभावकलाई सोधेर कक्षामा सुनाउनुहोस् ।**



**कक्षामा छलफल गरी विभिन्न प्रकारका घर तथा भवन निर्माण गर्न प्रयोग हुने सामग्रीहरू तलको तालिकामा भर्नुहोस् :**

| कच्ची भवन | पक्की भवन |
|---|---|
| | |

**तपाईँलाई मन पर्ने घरको चित्र बनाई रङ भर्नुहोस् :**

# पाठ २ : पूर्वाधार विकासका स्थानीय प्रविधि र जनशक्ति

## तलका चित्र हेरौँ र कक्षामा छलफल गरौँ :


















## कक्षाकोठामा शिक्षक र विद्यार्थीहरू बिच भएको कुराकानी पढौँ :



शिक्षक : नानीबाबुहरू, तपाईँहरूलाई थाहा छ हाम्रो विद्यालय भवन कसले बनाएको हो भनेर ?

पासाङ : खै सर, हेडसरले बनाउनु भएको होला नि ।

शिक्षक : हैन नि पासाङ, हेडसरले त बनाउन लगाउनु भएको मात्र हो ।

निनाम्मा : त्यसो भए कसले बनाएको त सर ?

शिक्षक : नानीबाबुहरू, यो विद्यालय भवन बनाउन धेरै मानिसहरूको सहयोग चाहिन्छ नि । सबैभन्दा पहिले इन्जिनियरले भवनको नक्सा बनाउँछन् । त्यसपछि नक्सा अनुसार डकर्मी, सिकर्मी, इलेक्ट्रिसियन, पेन्टर जस्ता मानिसहरूले आआफ्ना काम गरेपछि मात्र भवन पूरा हुन्छ ।

सरोज : डकर्मी भनेको को हो नि सर ?

शिक्षक : डकर्मी भनेका भवनको गारो लगाउने मानिसहरू हुन् नि । भवनका झ्याल ढोकाहरू कसले वनाउँछन् त ? तपाईँहरूलाई थाहा छ ?

करिस्मा : त्यो त सिकर्मीले गर्छन् नि सर । मेरो बुबा पनि सिकर्मी हो । वहाँ काठको काम गर्नुहुन्छ ।

शिक्षक : हो, त्यसैगरी इलेक्ट्रिसियनले भवनमा बिजुली जोड्ने काम गर्छन् भने पेन्टरले भवनमा रङ लगाएर चिटिक्क पार्छन् ।

बाबुकाजी : भवन बनाउन त धेरै मानिस पो चाहिने रहेछ ।

शिक्षक : हो नि । भवन मात्र हैन बाटो, पुल, कुलो, खेलमैदान जस्ता पूर्वाधारहरू बनाउन विभिन्न प्रकारका प्राविधिक र अप्राविधिक जनशक्तिहरूको आवश्यकता पर्छ नि ।

## तलका प्रश्नहरूको उत्तर लेखौँ :

(क) भवनको नक्सा वनाउने मानिसलाई के भनिन्छ ?

उत्तर :

(ख) डकर्मीले के काम गर्छन् ?

उत्तर :

(ग) करिस्माका बुबा के काम गर्नुहुन्छ ?

उत्तर :

(घ) भवन निर्माण गर्न कस्ता कस्ता जनशक्ति चाहिने रहेछ ?

उत्तर :

## खाली ठाउँ भरौँ :

(क) भवन निर्माण गर्न धेरै मानिसहरूको .................... चाहिन्छ ।

(ख) काठका सामग्री बनाउने मानिसलाई .................. भनिन्छ ।

(ग) घरमा .................. जोड्ने काम इलेक्ट्रिसियनको हो ।


(घ) घरमा रङ लगाउने काम गर्ने मानिस ...................... हुन् ।

(ङ) विभिन्न पूर्वाधार निर्माण गर्न प्राविधिक र .................. जनशक्ति आवश्यक पर्छ ।

### साथीहरूसँग छलफल गरी तलको तालिका पूरा गरौँ :

| पूर्वाधार | आवश्यक जनशक्ति |
|---|---|
| सडक निर्माण | इन्जिनियर, ज्यामी, मेसिन अपरेटर आदि |
| भवन निर्माण | |
| खेलमैदान निर्माण | |
| विद्युत उत्पादन र विस्तार | |
| खानेपानी आयोजना निर्माण | |
| टेलिफोन टावर निर्माण | |

### चित्रमा रङ भरौँ :



# पाठ ३ : अभिभावकलाई फोन गरौँ

## तलको चित्रकथा पढौँ :



मेरो नाम मोबाइल फोन हो । आजभोलि मलाई सबैले मन पराउँछन् । टाढा टाढा रहेका मानिसहरूसँग कुराकानी गर्न मेरो प्रयोग गरिन्छ । मानिसहरू मलाई फोटो र भिडियो खिच्न पनि प्रयोग गर्छन् । गीत सुन्न, भिडियो हेर्न पनि म सहयोग गर्छु । आपत बिपद्मा खबर पाउन र पठाउन मानिसहरू मलाई प्रयोग गर्छन् । साना साना नानीबाबुहरू पनि मलाई चलाउन खुब मन पराउँछन् । मलाई लामो समय लगातार चलाउनु राम्रो हैन नि ! मलाई धेरै चलाउँदा नानीबाबुहरूको आँखा बिग्रन पनि सक्छ ।

## तलका प्रश्नहरूको उत्तर लेखौँ :

(क) मोबाइल फोन कसले मन पराउँछन् ?

उत्तर :

(ख) टाढा रहेका मानिसहरू मोबाइल फोनको प्रयोग किन गर्छन् ?

उत्तर :

(ग) मोबाइल फोनबाट गरिने ३ वटा काम लेख्नुहोस् ।

उत्तर :

(घ) लामो समय लगातार मोबाइल चलाउँदा के हुन्छ ?

उत्तर :

(ङ) तपाईँलाई मोबाइल फोन चलाउन मन पर्छ कि पर्दैन ?

उत्तर :

## गीत गाऔँ :

आऊ साथी सबै मिली पढ्न लेख्न बस ।
मोबाइलका नम्बरहरू सँधै हुन्छन् दस ॥




आपत् बिपद् मानिसलाई जहिल्यै पर्न सक्छ ।
आमाबाबु आफन्तलाई बोलाउनु पर्छ ॥

आफन्तको मोबाइल नम्बर सँधै याद राखौँ ।
पढौँ, जानौँ, बुझौँ सबले आपत्बाट बचौँ ॥

घर परिवार विद्यालयको नम्बर याद गर ।
समस्यामा परिने कहिल्यै हुन्न डर ॥

## खाली ठाउँमा आफ्ना अभिभावकको फोन नम्बर लेखौँ :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**शिक्षकको वा विद्यालयको फोनबाट पालैपालो आफ्ना अभिभावकको नम्बर डायल गरी छोटो कुराकानीको अभ्यास गर्नुहोस् ।**

## शब्द र चित्रको जोडा मिलाऔँ :

मोबाइल



रेडियो



पत्रिका



टेलिभिजन




चिठी




## साथीसँग मिलेर विद्यालयमा आफू अचानक बिरामी परेको वा चोटपटक लागेको बेला आफ्ना अभिभावकलाई फोन गरी जानकारी गराएको अभिनय गरौँ :





# थिम ७ : प्रकोप तथा बिपद् व्यवस्थापन




**सिकाइ उपलब्धि :**

- आफू बसेको क्षेत्रमा हुने बिपद्हरू घट्न सक्ने समयको आँकलन गर्न,
- सुरक्षित हुने उपायहरूको खोजी गर्न,
- बिपद्को असर र हानी बताउन

**जम्मा कार्यघण्टा :** १६

# पाठ १ : बिपद्बाट सुरक्षित बनौं

## तलका चित्र हेरी छलफल गरौं :










माथिका चित्रमा कस्ता प्रकारका बिपद्हरू देखाइएका छन् ? कक्षामा छलफल गरी खाली कोठामा ठिक अङ्क लेख्नुहोस् :

| | |
|---|---|
| आगलागी | |
| पहिरो | |
| भूकम्प | |

## शिक्षकसँगै पढौँ :

वर्षा यामको बेला गाउँघरमा पहिरो गएको तथा खोलाको छेउछाउमा बाढी आएको हामीले देखेका छौँ । त्यसै गरी कहिले काहीँ घर तथा वन जङ्गलमा आगो लागेको देखिन्छ । भूकम्प गएर घर भत्किएको पनि हामीले सुनेका र देखेका छौँ । कहिलेकाहीँ गाडी, भऱ्याङ् तथा रुखबाट लडेर चोट पटक लाग्ने पनि हुन्छ । जङ्गली च्याउ खाँदा मानिसहरू बिरामी परेको पनि हामीले देखेका छौँ । यी सबै अकस्मात आउने समस्याहरूलाई बिपद् भनिन्छ । यसरी आउने बिपद्ले मानिसको ज्यान समेत जाने गर्छ । हाम्रो आसपासमा कसैलाई बिपद् परेमा हामी सबै मिलेर सहयोग गर्नु पर्छ ।

जेठ, असार, साउन र भदौ महिनामा बढी पानी पर्छ । धेरै पानी पर्दा बाढीपहिरो जान सक्छ । मङ्सिरदेखि माघसम्म धेरै जाडो हुने र हिमपात हुन सक्छ । चैत बैशाखमा हावाहुरी चल्ने, असिना पर्ने, चट्याङ् पर्ने हुन सक्छ । यसै बेला खडेरीको कारण आगलागी र डढेलोसमेत लाग्न सक्छ । भूकम्प भने जुनसुकै बेला आउन सक्छ । बिपद्बाट बच्न हामी हरेक समय सचेत रहनुपर्छ ।

## जोडा मिलाऔँ :

| बिपद् | आउने समय |
|---|---|
| भूकम्प | जेठदेखि भदौ |
| बाढीपहिरो | मङ्सिरदेखि माघ |
| आगलागी | जुनसुकै बेला |
| दुर्घटना | चैत बैशाख |
| हिमपात | जुनसुकै समय |

**तलका प्रश्नहरूको उत्तर लेखौं:**

(क) वर्षा याममा कस्ता बिपद् आउँछन् ?

उत्तर :

(ख) रुखबाट लड्दा के हुन सक्छ ?

उत्तर :

(ग) कुन समयमा हावाहुरी आउने र चट्याङ पर्ने हुन्छ ?

उत्तर :

(घ) बिपद्मा परेको मानिसलाई हामीले के गर्नुपर्छ ?

उत्तर :

(ङ) जुनसुकै बेला आउन सक्ने एउटा बिपद्को नाम लेख्नुहोस् ।

उत्तर :

**तल दिइएका बिपद्का नाम पढौं र ती बिपद्बाट बच्न अपनाउनु पर्ने उपायहरूका बारेमा कक्षामा छलफल गरौं :**

| | | |
|---|---|---|
| आगलागी | भूकम्प | हिमपात |
| महामारी | हावाहुरी | |
| चट्याङ | बाढी पहिरो | सडक दुर्घटना |

**तपाईंलाई परेको वा देख्नुभएको माथिका मध्ये कुनै बिपद्को अनुभव साथीलाई कक्षामा सुनाउनुहोस् ।**

चित्रमा उपयुक्त रङ भरौँ :



# पाठ २ : बिपद्बारे बुझौँ

## गीत गाऔँ :



वर्षायाममा बाढी पहिरो हिउँदमा हिमपात,
बिपद्बाट जोगिनलाई सिक्नुपर्छ पाठ ।



हावाहुरी विपत्ति हो धेरै गर्छ क्षति,
भित्रै बसी सुरक्षित हौँ जानिराखौँ त्यति ।



आगलागी र भूकम्पले गर्नसक्छ विनास,
दुवैबाट बच्नलाई गरौँ सही प्रयास ।

भूकम्पमा खुला ठाउँले सुरक्षित गर्छ,
बिपद्मा परेकालाई सहयोग गर्नु पर्छ ।



बिजुलीको तारमा त खतरा छ जान्नू,
छुन पनि हुँदैन है यति कुरा मान्नू ।

## तलका प्रश्नको उत्तर लेखौँ :

(क) हिउँदको बेला कुन बिपद् आउन सक्छ ?

उत्तर :

(ख) भूकम्प आउँदा कस्तो ठाउँमा जानुपर्छ ?

उत्तर :

(ग) बिजुलीको तारमा किन छुनु हुँदैन ?

उत्तर :

(घ) माथिको गीतबाट विभिन्न बिपद्का नाम खोजेर लेख्नुहोस्

| | | | |
|---|---|---|---|
| | | | |

तपाईँले देख्नुभएको कुनै बिपद्बाट के कस्तो क्षति भएको थियो, टिपोट गरी कक्षामा प्रस्तुत् गर्नुहोस् ।

| बिपद्को नाम | क्षति |
|---|---|
| ............................. . | ✍ .................................................... . <br> ✍ .................................................... . <br> ✍ .................................................... . <br> ✍ .................................................... . |

**क्रियाकलाप गरौँ :**

भूकम्प आएका बेलामा के के गर्नुपर्छ ? अभ्यास गरेर देखाउनुहोस् ।







# थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता





**सिकाइ उपलब्धि :**

- आदर, सत्कार र शिष्टाचार सहित मर्यादित व्यवहारको अवलम्बन गर्न,
- परिवारमा पालना गर्नुपर्ने सामान्य आचरणहरू बताउन,
- अभिभावक, दौँतरी र शिक्षकहरूका असल बानीहरूको पहिचान र अनुकरण गर्न ।

**पाठ्यघण्टा :** १४

# पाठ १ : आदर गरौँ

## अभिनय गरौँ :



ढोग गर्छौं हामी

हजुरआमा र हजुरबुबा

आमा अनि बाबालाई ।





नमस्कार गर्छौं हामी

गुरु र गुरुआमालाई ।



आदर गर्छौं हामी

दिदी र दाजुलाई ।



माया गर्छौं हामी

भाइ अनि बहिनीलाई ।

## उत्तर लेखौँ :

(अ) हामीले हजुरबा र हजुरआमालाई कसरी सम्मान गर्नु पर्दछ ?

उत्तर :

(आ) हामी गुरु र गुरुआमालाई भेट्दा के गर्छौं ?

उत्तर :

## पढौँ र जानौँ :



दिपसुहाङ बान्तावा भोजपुर नगरपालिका वडा नं. ५ बोखिम दाम्सिङ्मा बस्छ । ऊ लगनशील र अनुशासित विद्यार्थी हो । उसले घरमा आफूले सक्ने काम सरसफाइ गर्न, फूलबारी बनाउन र गोडमेल गर्न आमाबुबालाई सघाउँछ । उसको घरमा टेलिभिजन पनि छ। ऊ बेलुकाको समाचार हेर्ने र सुन्ने गर्छ। समाचारमा आएका कतिपय नबुझेका सूचनाहरू अभिभावकलाई सोधेर जान्ने कोसिस गर्छ ।




दिपसुहाङ गृहकार्यलगायत पढाइ हुने पाठ तयार गरेर विद्यालय जान्छ। पाठका नजानेका विषयवस्तु टिपोट गरी शिक्षकसँग जिज्ञासा राख्छ। शिक्षकले पनि राम्ररी बुझाएर सिकाउनुहुन्छ । उसको अर्को राम्रो बानी आफूले जानेका विषयवस्तु नजान्ने साथीलाई बताउछ। दिपसुहाङ बजारका तयारी खाजा चाउचाउ, चाउमिन खाँदैन । ऊ सधैँ घरमै तयार भएका मकै, भटमास, सातु आदि खाजामा खान्छ । ऊ साथीभाइसँग मिलेर खेल्छ । ऊ छरछिमेकमा पनि साइनो लगाएर बोल्छ। घरमा आउनुहुने पाहुनाहरूलाई आदर सत्कार गर्छ ।

## उत्तर लेखौँ :

(अ) दिपसुहाङ बान्तावा कहाँ बस्छ ?

उत्तर :

(आ) दिपसुहाङ बान्तावाले घरमा आमाबुबालाई के सहयोग गर्छ ?

उत्तर :

(इ) दिपसुहाङ बान्तावाले आफूले नजानेका विषयवस्तु कसलाई सोध्ने गर्छ ?

उत्तर :

(ई) तपाईँ खाजामा के के खानुहुन्छ ?

उत्तर :

(ए) तपाईँ साथीलाई केके सहयोग गर्नुहुन्छ ?

उत्तर :

(ऐ) पाहुनाको सत्कार कसरी गर्नुपर्छ ?

उत्तर :

## हेरौँ र लेखौँ

(अ) चित्रले के सङ्केत गर्दछ ?



उत्तर : ..............................।

(अ) उनीहरू के गरिरहेका छन् ?



उत्तर : ................................।

(इ) साथीले के गरिरहेकी छिन् ?



उत्तर : ..............................।

(ई) साथीहरू के गरिरहेका छन् ?



उत्तर : ..............................।

(ए) मानिसहरू के हेर्दै छन् ?



उत्तर : ..............................।

(ऐ) साथीहरू के गर्दै छन् ?



उत्तर : ..............................।

# पाठ २ : हुने बिरुवाको चिल्लो पात



सिर्जना भुजेल भोजपुर नगरपालिका वडा नं. ८ पोखरेमा बस्छिन् । उनी आमासँगै सबेरै उठ्छिन् । घरको सरसफाइ गर्न कुचो लगाउँछिन् । हप्तामा तीन पटक नुहाउँछिन् । व्यक्तिगत सफासुग्घरमा ध्यान दिन्छिन् । उनी नियमित विद्यालय जान्छिन् । कक्षामा ध्यान दिएर पढ्नुका साथै विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिन उत्सुक हुन्छिन् ।



सिर्जना कक्षामा सबैसँग मिलेर पढ्छिन् । कोही साथीहरू बिच कहिलेकाहीँ विवाद हुन खोजेमा अगुवाइ गरेर मिलाउन कोसिस गर्छिन् र नसकेमा शिक्षकलाई जानकारी दिन्छिन् । उनको सानैबाट नेतृत्व क्षमता देखेर विद्यालयका शिक्षकहरू 'हुने बिरूवाको चिल्लो पात' भनी गुनगान गाउँछन् । विद्यालयले सिर्जनामा रहेको सिर्जनशीलताको कदर गरिरहेको हुन्छ । उनी सबै विषयलाई बराबरी महत्त्व



दिन्छिन् । कक्षा कार्य, गृहकार्य र परीक्षामा जहिल्यै अघि हुन्छिन् साथै अक्षर साह्रै राम्रो, सफा लेख्छिन् । उनी कक्षाको प्रथम विद्यार्थी पनि हुन् । उनी अनुशासन र मेहनतलाई नै सफलता ठान्छिन् ।

## उत्तर लेखौं :

(अ) सिर्जना भुजेल बिहान कति बेला उठ्छिन् ?

उत्तर :

(आ) उनी हप्तामा कति पटक नुहाउँछिन् ?

उत्तर :

(इ) उनलाई शिक्षकहरूले के भनेर गुनगान गाउँछन् ?

उत्तर :

(इ) हामीले सफल हुन कुनकुन पक्षमा ध्यान दिनु पर्दछ ?

उत्तर :

**चित्र हेरौँ र आफ्नो बानी कति मिल्छ भनौँ :**

(अ)



(आ)



(इ)



(ई)



(उ)



(ऊ)



## परियोजना कार्य :

तपाईँका दौँतरी, शिक्षक तथा अभिभावकका असल आचरणहरू अवलोकन गरी तलको तालिका भर्नुहोस् :

| | |
|---|---|
| दौँतरीका असल आचरण | |
| शिक्षकका असल आचरण | |
| अभिभावकका असल आचरण | |